# स्थानीय राजपत्र

सूर्यगढी गाउँपालिका, चोकदे, नुवाकोटद्वारा प्रकाशित

| खण्ड ११ | संख्या ४ | मिति: २०८३/०२/१९ |
|---|---|---|

## भाग २

## सूर्यगढी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२(२) बमोजिम गाउँ कार्यपालिकाबाट जारी भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

कार्यपालिकाबाट स्वीकृत मितिः२०८३/०२/१८

सम्वत् २०८३ सालको कार्यविधि संख्या ४

## गर्भवती महिलाहरुलाई अण्डा वितरण कार्यक्रम कार्यविधि २०८२

**प्रस्तावना**

यस सूर्यगढी गाउँपालिका अन्तर्गतका ५ वटै वडाहरुमा स्थायी रुपमा बसोवास गरेका विवाहित गर्भवती महिलाहरुको स्वास्थ्य स्तर उकास्न तथा एउटा स्वस्थ आमाबाट स्वस्थ बच्चा जन्माउने र कुपोषणको कारणवाट हुने मातृ मृत्यु तथा शिशु मृत्युदर न्यून गर्न गर्भवतीलाई अण्डा र गर्भवती भएपछि स्वास्थ्य संस्थामा नेपाल सरकारले तोकिएको मातृशिशु रजिष्टरमा दर्ता भई सम्बन्धित स्वास्थ्य संस्थामा गर्भवती महिलाको हालको ८ पटक प्रोटोकल अनुसार गर्भवती जाँचलाई प्रोटोकल अनुसार जाँच गराउन एवं मातृ कुपोषण दर र मातृ मृत्युदरलाई घटाउन गर्भवती महिलालाई अण्डा वितरण गर्न सूर्यगढी गाउँकार्यपालिकाले यो कार्यविधि स्वीकृतको लागि जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "गर्भवती महिलाहरुलाई अण्डा वितरण कार्यविधि २०८२ रहेको छ।

(२) यो कार्यविधि सूर्यगढी गाउँकार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

**परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "कार्यालय" भन्नाले सूर्यगढी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

ख) "लक्षितवर्ग" भन्नाले सूर्यगढी गाउँपालिकामा बसोवास गर्ने गर्भवती मिहलाहरु सम्झनुपर्दछ।

ग) "गाउँपालिका " भन्नाले सूर्यगढी गाउँपालिकाको सभा सम्झनु पर्दछ।

घ) "सभा" भन्नाले सूर्यगढी गाउँपालिकालाई सम्झनु पर्दछ।

ङ) कार्यपालिका भन्नाले सूर्यगढी गाउँपालिका गाउँकार्यपालिकालाई सम्झनु पर्दछ।

च) "कार्यविधि" भन्नाले गर्भवती महिलाहरुलाई अण्डा वितरण कार्यक्रम कार्यविधि २०८२ सम्झनु पर्दछ।

**२. लक्षित ब्यक्ति छनौट तथा अनुगमन समिति** : सूर्यगढी गाउँपालिकाभित्रका गर्भवती महिलाहरु प्रोटोकल अनुसार ८ भेट सुनिश्चित गर्न स्वास्थ्य संस्थामा देहाय बमोजिम ३ सदस्यीय एक समिति रहने छ।

| | |
|---|---|
| स्वास्थ्य चौकी प्रमुख | संयोजक |
| स्वास्थ्य संस्थाको अ.हे.व. | सदस्य |
| स्वास्थ्य संस्थाको अ.न.मी. | सदस्य सचिव |

**३. छनौट तथा अनुगमन समितिको काम, कर्तब्य र अधिकारः**

क) गर्भवती महिला पहिचान गरी जानकारी गराउने।

ख) टोल टोलमा रहेका गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामा गर्भ जाँचको लागि प्रोत्साहन गर्ने।

ग) गर्भवती महिलाहरुको तथ्यांक संकलन गर्ने।

घ) सेवा प्राप्त गर्भवती महिलाहरुको अभिलेख अनुसूचि १ बमोजिम तयार गर्नुपर्ने।

ङ) गर्भवती महिलाहरुलाई गर्भ जाँच परामर्श सेवा प्रदान गर्ने।

**४. लक्षितवर्ग छनौटका मापदण्डहरु :**

क) सूर्यगढी गाउँपालिका भित्र स्थायी र अस्थाई बसोबास गरेका गर्भवती महिलाहरुको मातृ तथा नवशिशु स्वास्थ्य कार्ड अनुसारको विवरण।

ख) प्रत्येक संस्थामा रहेको ३ सदस्यीय समितिको सिफारिस।

**५. वितरण विधिः** यस गाउँपालिका भित्रका ५ वटै स्वास्थ्य संस्थामा गर्भवती महिलाहरु गर्भ जाँच गर्न स्वास्थ्य संस्थामा कम्तीमा ८ पटक जाँच गर्नुपर्ने प्रोटोकल अनुसार गर्भ रहेको १२ हप्ता,१६ हप्ता, २० देखि २४ हप्ता, २८ हप्ता, ३२ हप्ता, ३४ हप्ता, ३६ हप्ता र ३८ देखि ४० हप्तामा गर्भ जाँच गराउने।

१. पहिलो भेट (१२हप्तामा) - १ क्रेट अण्डा

२. दोश्रो भेट (१६हप्तामा) - १ क्रेट अण्डा

३. तेश्रो भेट (२० देखि २४ हप्तामा) - १ क्रेट अण्डा

४. चौथो भेट (२८ हप्तामा) - १ क्रेट अण्डा



सूर्यगढी गाउँपालिका

५. पाँचौं भेट (३२ हप्तामा) - १ क्रेट अण्डा

६. छैठौं भेट (३४ हप्तामा) - १ क्रेट अण्डा

७. सातौं भेट (३६ हप्तामा) - १ क्रेट अण्डा

८. आठौं भेट (३८ देखि ४० हप्तामा) - १ क्रेट अण्डा

रिर्पोटिङ अनुसूचि १ बमोजिम विवरण राखी लाभग्राही कार्ड बनाई सम्बन्धित लाभग्राहीलाई उपलब्ध गराइने छ।

**६. रकम भुक्तानी विधिः** स्वास्थ्य संस्थाले मासिक/चौमासिक/ अर्धबार्षिक र बार्षिक रुपमा मातृ तथा नवशिशु स्वास्थ्य कार्ड अनुसार अनुसूची १ अनुरुपको वितरण गरएको विवरणको ढाँचामा तथ्याङ्क पेश गरी खरिदको बील तथा भपाई पेश गरि शोध भर्ना रकम भुक्तानी लिन सकिने छ।

**७. कारवाही सम्वन्धि ब्यवस्थाः** यस कार्यविधिमा तोकिएको मापदण्ड पुरा नगरी झुठा विवरण पेश गरि सेवा लिनु दिनु हुदैन लिए दिएमा प्रचलित कानुन बमोजिम हुनेछ।

**८. संशोधन :** यो कार्यविधि संशोधन गर्नु परेमा गाउँकार्यपालिकाले संशोधन गर्न सक्नेछ।

**९. बचाउ र खारेजी :** नेपाल सरकारको नीतिगत निर्णय तथा निर्देशन र गाउँसभा वा गाउँकार्यपालिकाको यस अघि भएका निर्णयहरु यसै कार्यविधि बमोजिम भए गरेका मानिने छ।

सूर्यगढी गाउँपालिका

# अनुसुची १

## यस सूर्यगढी गाउँपालिकामा नेपाल सरकारको नया प्रोटोकल (८ पटक) अनुसार स्वास्थ्य संस्थामा गर्भवती महिला गर्भ जाँच गर्न आए बापतको ८ पटक सम्म प्रति महिना ३० गोटा (१क्रेट) को दरले २४० गोटा अण्डा वितरणको भरपाई।

**मुल दर्ता नं.-** **सेवा दर्ता नं.-**

**गर्भवती आमाको नाम थरः-** **जाति कोडः-**

**उमेरः-** **सम्पर्क नः-**

**ठेगानाः-** **ना.प्र.न.**

१) प्रोटोकल अनुसार पहिलो पटक १२ हप्ता (३ महिना) भित्र गर्भ जाँच गरेको मितिः
अण्डा(३० गोटा) बुझिलिएको दस्तखतः

२) प्रोटोकल अनुसार दोस्रो पटक १६ हप्ता (४ महिना) भित्र गर्भ जाँच गरेको मितिः
अण्डा(३० गोटा) बुझिलिएको दस्तखतः

३) प्रोटोकल अनुसार तेस्रो पटक २० देखी २४ हप्ता (५ देखी ६ महिना) भित्र गर्भ जाँच गरेको मितिः
अण्डा(३० गोटा) बुझिलिएको दस्तखतः

४) प्रोटोकल अनुसार चौथो पटक २८ हप्ता (७ महिना) भित्र गर्भ जाँच गरेको मितिः
अण्डा(३० गोटा) बुझिलिएको दस्तखतः

५) प्रोटोकल अनुसार पाचौं पटक ३२ हप्ता (८ महिना) भित्र गर्भ जाँच गरेको मितिः
अण्डा(३० गोटा) बुझिलिएको दस्तखतः

६) प्रोटोकल अनुसार छैटौं पटक ३४ हप्ता (साढे ८ महिना) भित्र गर्भ जाँच गरेको मितिः
अण्डा(३० गोटा) बुझिलिएको दस्तखतः

७) प्रोटोकल अनुसार सात औ पटक ३६ हप्ता (९ महिना) भित्र गर्भ जाँच गरेको मितिः
अण्डा(३० गोटा) बुझिलिएको दस्तखतः

८) प्रोटोकल अनुसार आठ औ पटक ३८ देखी ४० हप्ता भित्र गर्भ जाँच गरेको मितिः
अण्डा(३० गोटा) बुझिलिएको दस्तखतः

| <u>तयार गर्ने</u> | <u>प्रमाणित गर्नेः</u> |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नाम थरः | नाम थरः |
| पदः | पदः |
| मितिः | मितिः |

<u>कार्यालयको छाप</u>

आज्ञाले,
शैलेश किरण राई चाम्लिङ
प्रमुख प्रशासकीय अधिकृत

सूर्यगढी गाउँपालिका